नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
सामजिक परिचालन तथा गै.स.स. समन्वय शाखा
फोनः ०१-४२००३०९
०१-४२००२८१

पत्र संख्याः- २०७४/०७८

मितिः- २०७४।०९।१४

चलानी नं.:- २६

**विषयः सामाजिक परिचालन कार्यक्रम सम्वन्धी परिपत्र ।**

श्री जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समिति - सबै ।

श्री स्थानीय सेवा प्रदायक संस्था -सबै ।

श्री सामाजिक परिचालकहरु- सबै।

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट २००८ जुलाइदेखि संचालनमा रहदै आएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रमलाई बिशेष गरि निवाचित निकाय नभएको अवस्थामा देशव्यापी अभियानका रुपमा समन्वय, सहजीकरण तथा कार्यान्वयन गर्न यहाँहरुवाट पुर्याइएको योगदान अतुलनीय रहेको छ | नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय माननीय राज्यमन्त्री स्तरको मिति २०७४ पौष १३ गतेको निर्णय अनुसार राष्ट्रव्यापी रुपमा संचालनमा रहेको सामाजिक परिचालन कार्यक्रम मिति २०७४ साल पौष १७ देखि समाप्ती ( Phase Out ) हुने भएकाले सामाजिक रुपान्तरण, स्थानीय सुशासन तथा स्थानीय सेवा सुदृढीकरणमा संलग्न रही हालसम्म पुर्याउदै आउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै मन्त्रालय हार्दिक अभार सहित धन्यवाद ज्ञापन गर्दछ ।

२०७४।९।१४

विश्वराज मरासिनी
उप सचिव

बोधार्थ : सूचना तथा विद्युतिय सुशासन शाखा : पत्र मन्त्रालयको Website मा Up load गरिदिनुहनु ।

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन: ०१-४२००३०९, ०१-४२००२८१

पत्र संख्या:- ०७४/७५
सामाजिक परिचालन तथा गैसस समन्वय

मिति:- २०७४|०९|१४

चलानी नं.:- २८

**विषय : सामाजिक परिचालन कार्यक्रम सम्वन्धी परिपत्र**

श्री जिल्ला समन्वय समिति -सवै

श्री महानगरपालिका, उपमहानगरपालिका,नगरपालिका, गाउँपालिकाहरु -सवै

प्रस्तुत सम्वन्धमा नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय माननीय राज्यमन्त्री स्तरवाट मिति २०७४ पौष १३ मा देहाय वमोजिम नीतिगत निर्णय भएकाले सोही व्यहोरा कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ |

१। सामाजिक परिचालन कार्यक्रममा सरोकारवाला निकायका रुपमा हालसम्म संलग्न रहेका स्थानीय तह, जिसस, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरुलाई सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गरी सामाजिक रुपान्तरण तथा स्थानीय सुशासन कायम गर्न हालसम्म पुर्याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन सहित आगामी २०७४ साल पौष १७ देखि देशव्यापी रुपमा संचालनमा रहेको सामाजिक परिचालन कार्यक्रम अन्त्य भएको जानकारी सहितको पत्र पठाउने |

२। सामाजिक परिचालन कार्यक्रममा संलग्न रही योगदान दिनुहुने, जिल्ला तथा नगरपालिका सामाजिक परिचालन समन्वय समिति, स्थानीय सेवा प्रदायक संस्था तथा सामाजिक परिचालकहरुलाई सामाजिक परिचालन कार्यक्रम सहजीकरण तथा विस्तारमा निजहरुवाट भएको योगदानको सह्राहना गर्दै धन्यवाद सहित निजहरुको सेवा अन्त्य भएको जानकारी सहितको पत्र पठाउने |

३। सामाजिक परिचालकका रुपमा कार्य गरी सामाजिक रुपान्तरण, स्थानीय सुशासन तथा स्थानीय सेवा सुदृढीकरणमा संलग्न रही २०७४ पौष १६ सम्म सेवा पुरयाउदै आएका सामाजिक परिचालकहरुलाई हालसम्म पुर्याउदै आएको सेवाका लागि धन्यवाद दिदै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सम्वन्धित प्रादेशिक समन्वय इकाईवाट कार्य अनुभव प्रमाणीकरण गर्ने व्यवस्था गर्ने |

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन: ०१-४२००३०९
०१-४२००२८१

पत्र संख्या:-

मिति:-

चलानी नं.:-

४। स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहहरु सामाजिक परिचालन लगायत आफुले प्रदान गर्ने सेवालाई व्यवस्थित गर्नको लागि आवश्यक परियोजनामुलक जनशक्ति व्यवस्थापन गर्न स्वायत्त रहेकाले विगतमा उत्कृष्ट कार्यसम्पादन भएका सामाजिक परिचालकहरुको सेवालाई उपयुक्त स्रोतवाट वजेटको व्यवस्था मिलाई निरन्तरता दिन सकिने ।

२०७४।३।१४

विश्वराज मरासिनी
उप-सचिव

वोधार्थ : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई - ववरमहल

वोधार्थ : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
प्रादेशिक समन्वय इकाई - सवै सामाजिक परिचालकहरुलाई कार्य अनुभव प्रमाणिकरण गरिदिने व्यवस्था हुन ।